ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40hrs Date:10.02.2026

---

## स्वास्थ्य सेवा प्राथमिकताहरुबारे छलफल गर्न सिक्किम प्रतिनिधिमण्डलले केन्द्रीय मन्त्रीलाई भेट्यो

स्वास्थ्य विभागका मन्त्री जीटी ढुंगेलको नेतृत्वमा सिक्किमको एक प्रतिनिधिमण्डलले आज बिहान नयाँ दिल्लीमा आयुष मन्त्रालयका राज्यमन्त्री (स्वतन्त्र प्रभार) र भारत सरकारका स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका राज्यमन्त्री प्रताप राव जाधवलाई भेट्यो। बैठकमा राज्यका प्रमुख स्वास्थ्य सेवा प्राथमिकताहरूमाथि प्रकाश पारिएको थियो, जसमा स्वास्थ्य पूर्वाधारलाई सुदृढ पार्ने, सेवा प्रवाहमा सुधार गर्ने र परम्परागत स्वास्थ्य सेवासँग आयुष प्रणालीलाई एकीकृत गर्ने कुरामा जोड दिइएको थियो। सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री ढुंगेलले स्वास्थ्य तथा परिवार कल्याण विभागका जारी र प्रस्तावित पहलहरुबारे पनि छलफल भएको बताउनुभयो। सिक्किमका जनताका लागि पहुँचयोग्य, किफायती र गुणस्तरीय स्वास्थ्य सेवाहरु, सुनिश्चित गर्न राज्यले भारत सरकारबाट निरुतर समर्थन र सहयोगको अपेक्षा गरेकोछ।

## वैदेशिक रोजगारी तथा भर्ती सहजीकरण बोर्डको पहिलो बैठक सम्पन्न

विधायक तथा नवगठित वैदेशिक रोजगारी तथा भर्ती सहजीकरण बोर्डका अध्यक्ष मदन सिञ्चुरीको अध्यक्षतामा आज बोर्डको पहिलो बैठक सम्पन्न भएको छ । बैठकको मुख्य उद्देश्य बोर्डको भावी कार्यदिशा तय गर्नका साथै आगामी दिनमा सञ्चालन गरिने कार्यक्रम तथा कार्ययोजना तयार गर्नु रहेको थियो। बैठकमा वैदेशिक रोजगारीलाई व्यवस्थित, सुरक्षित र प्रभावकारी बनाउने विषयमा विस्तृत छलफल गरिएको छ। बोर्डले आगामी दिनमा वैदेशिक

रोजगारीसँग सम्बन्धित नीति, प्रक्रिया र सहजीकरणका विषयमा सक्रिय भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ।

## एनआईसी सिक्किमले गान्तोकमा सुरक्षित इन्टरनेट दिवस मनायो

राष्ट्रिय सूचना विज्ञान केन्द्र (एनआईसी), सिक्किम राज्य इकाईले आज गान्तोकको एनआईसी सिक्किम राज्य इकाईमा "स्मार्ट टेक, सुरक्षित विकल्पहरू एआईको सुरक्षित र जिम्मेवार प्रयोगको अन्वेषण" भन्ने विषयवस्तुमा 'सुरक्षित इन्टरनेट दिवस 2026' कार्यक्रम सफलतापूर्वक आयोजना गर्‍यो।

डिजिटल सुरक्षा र जिम्मेवार इन्टरनेट प्रयोगको बारेमा जागरूकता प्रवर्धन गर्न इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयको निर्देशन अनुसार यो कार्यक्रम सञ्चालन गरिएको थियो।

## नियारा सुब्बा

सिक्किमकी नियारा सुब्बाले याक्थुङ सिने अवाड्र्स इन्टरनेशनल 2082 को दोस्रो संस्करणमा इतिहास रचेकी छिन्। उनको फिल्म नुमहाङ्माले सर्वश्रेष्ठ निर्देशक र प्रतिष्ठित सर्वश्रेष्ठ फिल्म दुवै पुरस्कार जितेको थियो।

नुमहाङ्माले लिम्बु (याक्थुङ) पहिचान, संस्कृति र परिदृश्यको शक्तिशाली चित्रणको लागि प्रशंसा कमाएको छ।

## सिक्किमका पत्रकार टोलीद्वारा छत्तीसगढको गेवरा कोइला खानीको भ्रमण

छत्तीसगढ राज्यको भ्रमणमा रहेको सिक्किमको 13 सदस्यीय पत्रकार टोलीले आज विश्वकै दोस्रो ठूलो तथा एसियाकै सबैभन्दा ठूलो कोइला खानी, गेभरा कोइला खानीको भ्रमण गरेको छ। 8 फेब्रुअरीदेखि सुरु भएको यस भ्रमणको नेतृत्व पत्र सूचना कार्यालय (PIB) सिक्किमका सहायक निर्देशक मानस प्रतिम सरमाले गरिरहेका छन्। यहाँ उत्पादन हुने कोइला मुख्यत ः राजस्थान, गुजरात र महाराष्ट्र जस्ता राज्यहरुमा निर्यात गरिन्छ, जहाँ यसको प्रयोग विद्युत ऊर्जा उत्पादनका लागि गरिन्छ। यस भ्रमणले सिक्किमका पत्रकारहरूलाई देशको ऊर्जा क्षेत्रमा कोइलाको भूमिकाबारे प्रत्यक्ष रूपमा बुझ्ने अवसर प्रदान गरेको छ।

## सिक्किम साइकलिङ एसोसिएसन

सिक्किम साइकलिङ एसोसिएसनले 12 देखि 15 फेब्रुअरी 2026 सम्म अरुणाचल प्रदेशको रोइङमा आयोजना हुने 22 औं सिनियर, जुनियर र सब-जुनियर राष्ट्रिय माउन्टेन बाइक साइक्लिङ च्याम्पियनशिपमा भाग लिनेछ।

अरुणाचल प्रदेशको साइकलिङ एसोसिएसनद्वारा आयोजना गरिएको यो च्याम्पियनशिप, भारतीय साइकलिङ फेडरेशनको तत्वावधानमा आयोजित गरिँदैछ ।

यस कार्यक्रममा देशभरका विभिन्न राज्य र संस्थाहरूको प्रतिनिधित्व गर्ने शीर्ष साइकल चालकहरूको सहभागिता रहनेछ, जसले गर्दा यो एक उच्च प्रतिस्पर्धात्मक र प्रतिष्ठित राष्ट्रिय स्तरको प्रतियोगिता हुनेछ।

## सिक्किमका चार नगर पञ्चायतले स्वच्छ शहर जोडी अन्तर्गत समझदारी पत्रमा हस्ताक्षर गरे

सिक्किमका चार नगर पञ्चायतहरू रम्फू, सिंगताम, जोरथाङ र मंगन ले आज मंगन नगर पञ्चायतमा स्वच्छ शहर जोडी अन्तर्गत समझदारी पत्रमा हस्ताक्षर गरे। कार्यक्रममा सिक्किम सरकारका शहरी विकास विभाग मन्त्री भोजराज राई र सिक्किम सरकारका समाज कल्याण मन्त्री सम्दुप लेप्चा उपस्थित हुनुहुन्थ्यो।